# नगरपालिका

## स्थानीय राजपत्र

## गौर नगरपालिका द्वारा प्रकाशित

खण्ड: ९ संख्या: १ मिति:२०८३/०३/१०

भाग: ४

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. ४

**गौर नगरपालिकाको युवा परिषद् गठन तथा संचालन ऐन, २०८३**

# गौर नगरपालिकाको युवा परिषद् गठन तथा संचालन ऐन, २०८३

**प्रस्तावना:**

युवाको हक, हितको संरक्षण, संवर्द्धन र सशक्तिकरण, नेतृत्व बिकासका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्द्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवा सम्बन्धी नीतिको निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरूको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्र योग गरी गौर नगरपालिकाको १८ औं नगर शभाले **"नगर युवा परिषद् गठन तथा संचालन ऐन, २०८३"** बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम " **युवा परिषद् गठन तथा संचालन ऐन, २०८३**" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

### २. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "युवा परिषद अध्यक्ष" भन्नाले गौर नगरपालिकाको नगर युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) " युवा परिषद उपाध्यक्ष" भन्नाले गौर नगरपालिकाको नगर युवा परिषद्को उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) " युवा परिषद सदस्य सचिब " भन्नाले गौर नगरपालिकाको युवा परिषद्को सदस्य सचिब सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) " युवा परिषद्" भन्नाले यस ऐनको दफा ५ बमोजिम स्थापना भएको गौर नगरपालिकाको नगर युवा परिषद् सम्झनुपर्छ ।

(च) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार तोकिएको उमेर समूहका व्यक्ति सम्झनुपर्छ ।

(छ) "विशेष समुदायका युवा" भन्नाले गौर नगरपालिका अन्तर्गत द्वन्द् पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत, अल्पसंख्यक समुदायका युवा सम्झनुपर्छ ।

(ज) युवा परिषद सदस्य" भन्नाले गौर नगरपालिकाको नगर युवा परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य–सचिव समेतलाई जनाउँछ ।

(झ) "युवा क्लब" भन्नाले यस ऐन वा यस ऐनअनुसार बन्ने नियमबमोजिम गठन हुने स्थानीय तहका प्रत्येक वडामा गठन हुने १६ देखि ४० वर्ष उमेर समूहका युवाहरू समावेश भएको वडा स्तरीय युवा क्लबलाई जनाउँछ ।

(ञ) "युवा संजाल " भन्नाले नगरपालिका अन्तर्गत सबै वडाका युवाहरुको प्रतिनिधित्व भएको संजाल लाई जनाउदछ ।

(ट) “युवा परिषद् गठन तथा संचालन ऐन, २०८३” गौर नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

## परिच्छेद–२:

## युवा परिषदको गठन, काम, कर्तव्य र अधिकार

### ३. युवा क्लब गठन

( १) गौर नगरपालिका अन्तर्गत सम्पूर्ण वडाहरुमा देहाय बमोजिमको क्लब गठन हुनेछ:

(क) युवा क्लब शमरक्षक : वडा समिति अद्यक्ष

(ख) युवा क्लब अद्यक्ष् १ जना

(ग) युवा क्लब उपाद्यक्ष् – १ जना

(घ) युवा क्लब सदस्य सचिब सचिब : १ जना

(ङ) युवा क्लब सदस्य संख्या : ८ जना

( २ ) उपदफा ( १ ) बमोजिम गठन हुने युवा क्लबमा अद्यक्ष् महिला भएमा उपाद्यक्ष् पुरुष र पुरुष अद्यक्ष् भएमा महिला उपाध्यक्ष् हुने व्यवस्था बमोजिम हुनेछ । अध्यक्ष , उपाध्यक्ष र सदस्य सचिब बाहेकको ८ जना सदस्यहरुमा दलित वा जनजातिबाट कम्तिमा १ जना , १६ देखि १९ उमेर समुहको किशोरीहरु मध्ये १ जना , १६ देखि १९ उमेर समुहको किशोरहरु मध्ये १ जना सदस्य अनिबार्य गरिने छ

(३ ) उपदफा (१) र उपदफा (२ ) बमोजिमको युवा क्लबको गठन सम्बन्धित वडा समितिले गर्नेछ ।

### ४. युवा संजाल गठन

(१ ) नगरपालिका नगरपालिका स्तरीय युवा संजाल रहने छ । युवा संजाल देहाय बमोजिम गठन हुनेछ ।

(च) युवा संजाल अध्यक्ष - १ जना

(छ) युवा संजाल उपाध्यक्ष् – १ जना

(ज) युवा संजाल सदस्य सचिब सचिब - १ जना

(झ) युवा संजाल सदस्यहरुको संख्या - १६ जना

( २ ) उपदफा ( १ ) बमोजिम गठन हुने युवा संजालमा अद्यक्ष् महिला भएमा उपाद्यक्ष् पुरुष र पुरुष अद्यक्ष् भएमा महिला उपाध्यक्ष् हुने व्यवस्था बमोजिम हुनेछ । युवा संजालका अध्यक्ष , उपाध्यक्ष र सदस्य सचिब बाहेकको १६ जना सदस्यहरुमा दलित वा जनजातिबाट कम्तिमा २ जना , १६ देखि १९ उमेर समुहको किशोरीहरु मध्ये ३ जना र १६ देखि १९ उमेर समुहको किशोरीहरु मध्ये ३ सदस्य अनिबार्य गरिने छ ।

(३) उपदफा ( १ ) र उपदफा (२ ) बमोजिमको नगरपालिका स्तरीय युवा संजालको गठन वडा समितिको अद्यक्षहरु , युवा क्षेत्रमा कार्य गर्ने संस्थाहरु , पालिकामा तोकिएको युवा सम्बन्धि हेर्ने शाखा वा महाशाखा, युवा परिषदको प्रतिनिधि र सबै वडाका युवाहरुको प्रतिनिधित्व रहेको भेला वा बैठकले गर्नेछ ।

(४ ) नगर स्तरीय युवा संजालको समरक्षकमा युवा परिषद अध्यक्ष रहने व्यवस्था हुनेछ ।

## ५. युवा परिषद गठन :

(१ ) गौर नगरपालिका नगरपालिका स्तरीय युवा परिषद रहने छ । युवा परिषद देहाय बमोजिम गठन हुनेछ:

(ञ) युवा परिषद अद्यक्ष् -१ जना
(ट) युवा परिषद उपाद्यक्ष् – १ जना
(ठ) युवा परिषद सदस्य सचिब -१ जना
(ड) युवा परिषद सदस्य संख्या - १० जना

(२ ) उपदफा (१ )अनुसारको युवा परिषद अद्यक्ष् , उपाध्यक्ष र सदस्य सचिब नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा दुई जना विज्ञ सदस्य रहने एक सिफारिस समिति गठन हुनेछ।

(३ ) उपदफा (२ ) बमोजिमको सिफारिस समितिले सिफारिस गर्दा अध्यक्ष पुरुष भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएमा पुरुष उपाध्यक्ष रहने गरि सिफारिस गरे पश्चात नगरकार्यपालिकाले मनोनित गर्नेछ ।

(४ ) उपदफा (३ ) बमोजिम मनोनित पदाधिकारीहरुको बैठकले बाकि १० जना सदस्यहरुको लागि कार्यपालिका मा मनोनयनको लागि सिफारिस गर्नेछ । १० जना सदस्य मध्ये गौर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख प. दे. न. सदस्य रहने व्यवस्था रहने छ ।

(५ ) उपदफा (४ ) बमोजिम सिफारिस गरिएका सदस्यहरु मध्ये १६ देखि १९ उमेर समुहका किशोरी कम्तिमा १ जना , दलित वा जनजाति बाट १ जना र महिला बाट ३ जना अनिबार्य रहनुपर्ने छ । यूवा परिषदमा सबै वडाका यूवाहरुको प्रतिनिधित्व सु-निश्चित गरिएको हुनुपर्ने छ ।

(६ ) उपदफा (४ ) र उपदफा (५ ) बमोजिम सिफारिस भएका सदस्यहरुलाई नगरकार्यपालिका ले मनोनित गर्नेछ र १३ सदस्यीय युवा परिषद गठन प्रक्रिया पुरा भएको हुनेछ ।

(७) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(८ ) यस ऐनको दफा ५. मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा नगर कार्यपालिकाले निजलाई जुनसुकै समयमा सदस्य पदबाट हटाउन सक्नेछ।

(९) उपदफा (८ ) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने उचित मौका प्रदान गरिनेछ।

## ६. युवा परिषदको काम , कर्तव्य र अधिकार:

यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(ढ) युवासम्बन्धी दीर्घकालीन स्थानीय नीति तर्जुमा गरी स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ण) स्थानीय सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,

(त) परिषद्सँग आबद्धता प्राप्त गर्ने संघ–संस्थाहरूले पालन गर्नुपर्ने मापदण्ड तथा सर्तहरू निर्धारण गर्ने,

(थ) विकास निर्माण तथा सामाजिक सेवाका क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(द) युवालाई स्थानीय तह तथा राष्ट्र निर्माणमा सक्रिय सहभागिताका लागि उत्प्रेरित गर्ने,

(ध) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(न) युवा विकास, सशक्तीकरण तथा मूलप्रवाहीकरणसम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

(ऩ) वडा स्तरमा युवा ,युवा क्लब , पालिका स्तरको युवा संजालको जागरण, सशक्तीकरण र परिचालन गर्ने,

(प) स्थानीय स्तरमा युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकास गर्ने,

(फ) युवाका क्षेत्रमा काम गर्ने राष्ट्रिय युवा परिषद् तथा प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य र साझेदारी गर्ने,

(ब) युवा क्लब , पालिका स्तरीय युवा संजाल तथा युवा परिषद संचालन र श-शक्तिकरणका लागी आबस्यक कार्यविधि तयार गर्न सहयोग पुर्याउने,

(भ) लैंगिक हिम्सा रोकथाम तथा प्रतिकार्यका लागि युवाहरुलाई शसक्त गराउने,

(म) यौन तथा प्रजनन स्वास्थ्य अधिकारको पूर्ण उपभोग र महशुष गर्ने बातावरण सिर्जना गर्न सहयोगी भूमिका खेल्ने र आबस्यक पैरवी गर्ने,

(य) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

## ७. युवा परिषद्को बैठक र निर्णय:

(१) परिषद्को बैठक चौमासिकरुपमा बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिबले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयहरूको कार्यसूचीसहितको सदस्य–सचिवले सदस्यहरूलाई उपलब्ध गराउनेछ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरूको उपस्थिति भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकका निर्णयहरू सदस्य सचिबले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(९) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् स्वयंले निर्धारण गरेबमोजिम हुनेछ ।

## ८. युवा परिषदको सचिवालय:

(१) गौर नगरपालिकाको लागि स्वीकृत संगठन संरचनाअनुसार युवा सम्बन्धी विषय हेर्ने शिक्षा युवा तथा खेलकुद शाखाले परिषद्को सचिवालयको कार्य गर्नेछ । सचिवालयमा युवा परिषदका **अध्यक्ष । उपाध्यक्ष । सदस्य–सचिव र** शिक्षा युवा तथा खेलकुद शाखाका युवा परिषदमा भएका सदस्य रहने व्यवस्था हुनेछ ।

## ९. युवा परिषदको सचिवालयको काम, कर्तव्य र अधिकार:

यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्ष । उपाध्यक्ष । सदस्य–सचिवका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

**(क) युवा परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने । गराउने,**

(ख) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद्मा पेश गर्ने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने । गराउने,

(घ) परिषद्मा पूर्णकालीन रूपमा कार्य गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## १०. लेखा व्यवस्थापन र लेखा प्रणाली

(१) अध्यक्ष । उपाध्यक्ष । सदस्य–सचिवले स्थानीय सरकारले तोकेबमोजिमको पारिश्रमिक तथा सुविधा प्राप्त गर्नेछ ।

(२) अध्यक्ष । उपाध्यक्ष । सदस्य–सचिवको सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ ।

(३ ) नगर कार्यपालिकाले युवा परिषद संचालनका छुट्टै कोष व्यवस्था गर्न सक्ने छ । यस कोषमा व्यक्ति गत सहयोग , सहयोगी तथा दात्री निकायको सहयोग , संघिय सरकार तथा प्रादेशिक सरकारबाट प्राप्त हुन सक्ने सहयोग तथा अनुदान र गौर नगरपालिकाले व्यवस्था गरेको बजेट रहने छ

(३ )युवा परिषद्ले आफ्नो आय–व्ययको लेखा तथा लेखाप्रणाली प्रचलित कानून र नगर कार्यपालिकाले तोकेबमोजिम सञ्चालन गर्नेछ ।

# परिच्छेद–५: समन्वय र सहकार्य

## ११. युवा सम्बन्धी संघ–संस्थासँग समन्वय र सहकार्य:

(१) युवा परिषदले युवाको हक, हितको संरक्षण तथा विकास गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भई स्थानीय तहभित्र कार्यरत संघ–संस्थाहरूसँग युवा परिषद्ले समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(२ ) युवा परिषदले युवाको अधिकार समरक्षण तथा युवा केन्द्रित कार्यक्रमहरु संचालनका लागि वडा स्तरमा भएका युवाक्लब परिचालन तथा युवा संजाल परिचालनमा समन्वयकारी भूमिका खेल्नुपर्नेछ ।

## परिच्छेद–६: विविध

**१२. हितको द्वन्द्व (Conflict of Interest):**

युवा परिषद्का कुनै पनि सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का–पट्टा लिन वा आफ्नो व्यक्तिगत स्वार्थ रहेको कुनै काम–कारबाहीमा संलग्न हुन पाउने छैन।

**१३. कार्यदल गठन गर्न सक्ने:**

(१) युवा परिषद्ले यस ऐन वा यस अन्तर्गत बनेको नियमावली बमोजिम सम्पादन गर्नुपर्ने कुनै कार्य आवश्यकतानुसार कार्यदल गठन गरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कार्यदलको काम, कर्तव्य, अधिकार तथा कार्यविधि सो कार्यदल गठन गर्दा परिषद्ले तोकेबमोजिम हुनेछ।

**१४. सेवा सुविधा तथा बैठक भत्ता:**

(१) युवा परिषद्का अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा दफा १४ बमोजिमका कार्यदलका सदस्यहरू तथा दफा ३ र दफा ४ बमोजिम गठन भएका युवा क्लब र युवा संजाल बैठकमा सहभागी भएबापत स्थानीय सरकारको आर्थिक कार्यविधि बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन्।

**१५. वार्षिक प्रतिवेदन:**

(१) युवा परिषद्बाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा युवा क्षेत्रका देखिएका मुद्दा, समस्या, चुनौती तथा समाधानका उपायहरू समेत समावेश गर्नुपर्नेछ।

(३) युवा परिषद्ले आफूले प्राप्त गरेका स्रोत–साधन, सम्पादन गरेका कार्य तथा उपलब्धिहरूको विवरण प्रत्येक वर्ष सार्वजनिक जानकारीका लागि प्रकाशन गर्नुपर्नेछ।

**१६. निर्देशन दिने अधिकार:**

(१) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद् तथा संघ, प्रदेश र स्थानीय सरकारले परिषद्को कार्य सञ्चालन, समन्वय तथा सुधारका लागि आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्न सक्नेछन्।

**(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु युवा परिषद्को कर्तव्य हुनेछ।**

**१७. अधिकार प्रत्यायोजन:**

(१) युवा परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार परिषद्का अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१८. सपथ ग्रहण:**

युवा परिषद्का सम्पूर्ण पदाधिकारीहरुले आफ्नो कार्यभार सम्हाल्नुअघि अनुसूची–१ बमोजिम सपथ ग्रहण गर्नुपर्नेछ। अद्यक्ष्, उपाध्यक्ष् र सदस्य सचिब सपथ ग्रहणको प्रमाणीत नगरप्रमुख बाट हुनेछ भने बाकि सदस्यको हकमा युवा परिषद अद्यक्षबाट हुनेछ ।

**१९. सहयोग गर्ने कर्तव्य:**

युवा परिषद्को काम–कारबाहीका सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबै पक्षको कर्तव्य हुनेछ।

**२० . नियम बनाउने अधिकार** :

यस ऐनको कार्यावन्यनको लागि नगर कार्यपालिकाले नियमावली, कार्यविधि तथा आबश्यक मापदण्ड बनाउन सक्ने छ ।

**२१. विनियम बनाउने अधिकार** :

( १ ) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही युवा परिषदले आबस्यक विनियम बनाउन सक्नेछ ।

( २ ) उपदफा (१ ) बमोजिम आर्थिक व्यय भार पर्ने विषयमा विनियम बनाउदा परिषदले गौर नगरपालिकाको युवा सम्बन्धि हेर्ने शाखा को स्वीकृति लिनु पर्ने छ ।

**२२. युवा परिषद्को विघटन:**

(१) युवा परिषद्ले यस ऐनको उद्देश्यअनुसार कार्य सम्पादन गर्न नसकेमा स्थानीय सरकारले जुनसुकै समयमा परिषद् विघटन गर्न सक्नेछ।

**२३. सम्पर्क व्यवस्था:**

युवा परिषद्ले नेपाल सरकार तथा प्रदेश सरकारसँग सम्पर्क राख्दा नगरकार्यपालिका मार्फत राख्नुपर्नेछ।

**अनुसूचीहरुः**

**अनुसूची–१**

*(ऐनको दफा १८ सँग सम्बन्धित)*

**पद तथा गोपनीयताको सपथ**

म ................................................ (सपथ ग्रहण गर्ने व्यक्तिको नाम) ................................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु। ईश्वर। देश र जनताको नाममा सपथ लिन्छु कि ……… गौर नगरपालिकाको युवा परिषद्को ................................................ पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे अनुसार कर्तव्य सम्झी देश तथा परिषद्प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी, लोभ, लालच वा मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालन गर्नेछु।

साथै, आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदा कुनै पनि अवस्थामा कुनै प्रकारले प्रकट वा संकेत गर्ने छैन।

| **सपथ ग्रहण गर्नेकोः** | **सपथ ग्रहण प्रमाणित गर्नेकोः** |
| --- | --- |
| नामः ...................................... | नामः ...................................... |
| दस्तखतः .................................. | दस्तखतः .................................. |
| मितिः ...................................... | मितिः ...................................... |
| पदः .......................................... | पदः .......................................... |
| कार्यालयः .................................. | |